**सम्वत २०७६ साल भाद्र ४ गते बुधबार दिनको ०१:०० बजे मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, प्रदेश नं. ३, हेटौंडा, मकवानपुरमा बसेको प्रदेश मन्त्रिपरिषद्को बैठकबाट भएका निर्णयहरुको मुख्य व्यहोरा देहायबमोजिम रहेको छ -**

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - "प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य, अधिकार र कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" प्रदेश सभामा पेश गर्न स्वीकृति दिने।
२. आन्तरिक मामिला तथा कानुन मन्त्रालय - "प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ लाई संशोधन गर्न बनेको बिधेयक" प्रदेश सभामा पेश गर्न स्वीकृति दिने।
३. आर्थिक मामिला तथा योजना मन्त्रालय - "प्रदेश एकीकृत अनुदान व्यवस्थापन कार्यविधि, २०७६" को मस्यौदा स्वीकृति प्रदान गर्ने।
४. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय - पर्यटन विकास आयोजनाका लागि अस्थायी दरबन्दी स्वीकृति गर्ने।

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप विवरण सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।**